# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा APG Typologies and Capacity Building Workshop 2015 को समापन समारोहलाई सम्बोधन




गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई तथा सम्पत्ति शुद्धीकरण विभागद्वारा आयोजित APG Topologies & Capacity Building Workshop 2015 को समापन समारोहमा समापन मन्तव्यका क्रममा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी जस्तो अपराधिक गतिविधी नियन्त्रणमा विश्वको वित्तीय प्रणाली तथा अर्थतन्त्रको पारदर्शिता, स्थायित्व र विकास अनिवार्य शर्त रहेको उल्लेख गर्दै नेपाल यस क्षेत्रमा द्रुत गतिमा अगाडी बढिरहेको बताउनुभयो । उहाँले ४४ मुलुक तथा १० भन्दा बढी अन्तर्राष्ट्रिय संघ संस्थाका विशिष्ट विज्ञ प्रतिनिधिहरु उपस्थित भई बृहत छलफल गरिएको कार्यशालाबाट एशिया प्रशान्त समूहका सदस्य मुलुकहरुबीच आ-आफ्नो मुलुकको अनुभव आदान प्रदान हुनुका साथै यसबाट प्रतिपादित रणनीतिहरु समग्र विश्वका लागि समेत मार्गदर्शन हुनसक्ने बताउनुभयो ।

सोही क्रममा गभर्नर डा. नेपालले कुनै पनि मुलुकमा आर्थिक अपराधहरुको प्रभावकारी नियन्त्रण नभएसम्म आन्तरिक तथा अन्तर्राष्ट्रिय वित्तीय प्रणालीको विश्वसनीयता र स्थिरता कायम नहुने र त्यसले समग्र अर्थव्यवस्थामा नै गम्भीर प्रभाव पार्ने भएकाले आर्थिक अपराध नियन्त्रणमा विश्व एक हुनु पर्ने बताउनु भयो । यसका लागि प्रत्येक मुलुकले अन्तर्राष्ट्रियस्तरका नियम कानूनहरुको निर्माण, नियमनकारी तथा अन्य कानून कार्यान्वयनका निकायहरुको प्रभावकारिताका साथै अन्तर्राष्ट्रिय सहयोग र सहकार्यमा क्षमता अभिवृद्धी गर्नु अनिवार्य रहेको कुरामा उहाँले जोड दिनुभयो । वन्यजन्तुको शिकार, त्यसको ओसारपसार र यसको माध्यमबाट हुने सम्पत्ति शुद्धीकरण, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी र यसको क्षेत्रीय प्रवृत्ति र वित्तीय जानकारी इकाईहरुमा रहेका सूचनाहरुको संरक्षणका विषयमा कार्यशालाको बढी केन्द्रित रहेकाले यस क्षेत्रमा आगामी दिनमा कार्य गर्न सहज हुने अपेक्षा समेत उहाँले गर्नुभयो ।

गभर्नर डा. नेपालले यस्तो बृहत अन्तर्राष्ट्रिय कार्यशाला आयोजना गर्न नेपाललाई छनोट गरिएकोमा आयोजक संस्था एशिया प्रशान्त समुह (ए.पी.जी.) लगायत समग्र प्रतिनिधीहरुलाई आभार व्यक्त गर्नुभयो । मन्तव्यको अन्त्यमा उहाँले हालै फ्रान्सको पेरिसमा भएको आतंकवादी हमला प्रति दु:ख व्यक्त गर्नुहुँदै यस्ता कार्यशालाले विश्वबाट आतंकवादलाई निर्मुल पार्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

२०७२ मंसिर ४, शुक्रबार

गभर्नरको कार्यालय